ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

फोन नं. :- ०४६-५७५००५
फ्याक्स नं. :- ०४६-५७५००५
website :-
www.ishworpurmun.gov.np

प.सं. :- २०७७/०७८
च.नं. :-

दोस्रो पटक सुचना प्रकाशन मिति : २०७७/०९/०६

प्रस्तुत विषयमा आ.व. २०७७/०७८ मा संघिय सरकारको सशर्त अनुदानबाट प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना अर्न्तगत साना व्यबसायिक उत्पादन केन्द्र (पकेट) ईश्वरपुर नगरपालिकामा तपशिलका कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समुह/कृषि सहकारी/व्यवसायिक फार्महरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशन भएको मितिले ७ दिन अर्थात मिति २०७७/०९/१२ गते भित्रमा ईश्वरपुर नगरपालिका पशु सेवा शाखा मा अनुसुची -७ अनुसारको आधारभुत तथ्याङ्क फारम र अनुसुचि -१० अनुसारको आवेदन दर्ता गर्नुहुन सम्वन्धीत सबैमा जानकारी गराइन्छ । सथै यस विषयमा थप जानकारीको लागी ईश्वरपुर नगरपालिका पशु सेवा शाखा मा सम्पर्क गर्नुहोला ।

तपशिल

कार्यक्रम :

(क) बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम-१००० माउ बाख्राको लागी (लागत साझेदारी) पकेट संख्या -१ (ईश्वरपुर नगरपालिका वडा नं. १२ को लागी)

(ख) माछाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम-६ हेक्टरको लागी (लागत साझेदारी) पकेट संख्या -१ (ईश्वरपुर नगरपालिकाका सवै वडाका लागी)

निवेदनको साथमा पेश गर्नुपर्ने कागजातहरु :

१. सम्वन्धीत निकायमा कृषक समुह /कृषि सहकारी/माछा फार्महरुको दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपी ।
२. कार्यक्रम संचालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र ।
३. निवेदकको नागरीकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी ।
४. कार्यसमितिको निर्णयको प्रतिलिपी ।
५.सम्वन्धीत वडा कार्यालयको सिफारिस ।
६. अन्य सम्पुर्ण प्रकृया प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन मार्ग दर्शन २०७७ वमोजिम गरिने छ ।

उदय प्रसाद देवकोटा
प्रमुख प्रसाशकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत